संघीय संसद

प्रतिनिधि सभा

# अर्थ समिति

# "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" सम्बन्धी समितिको प्रतिवेदन, २०७९

**संघीय संसद**

**प्रतिनिधि सभा**

**सिंहदरबार, काठमाडौं**

**सम्माननीय सभामुख महोदय,**

प्रतिनिधि सभाको मिति २०७५ श्रावण २१ गते बसेको बैठकले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारित गरी अर्थ समितिमा दफावार छलफलको लागि मिति २०७५ श्रावण २२ मा प्राप्त भएको थियो जसमा १३ जना संशोधनकर्ता माननीय सदस्यहरुबाट प्रस्तावना सहित विभिन्न ८५ बुँदामा संशोधन दर्ता भई सम्माननीय सभामुखज्यूबाट छलफलको लागि स्वीकृत भएको थियो।

सो विधेयक माथि मिति २०७५ मंसीर १७ गते देखि छलफल प्रारम्भ गरिएको थियो र बैठकमा माननीय अर्थमन्त्रीज्यूले विधेयक प्रस्तुत गर्नुपर्नाको उद्देश्य र कारणका सम्बन्धमा स्पष्ट पार्नु भएपछि विधेयकमा संशोधनकर्ता माननीय सदस्यहरुले संशोधन सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो। समितिको मिति २०७५ मंसिर १७ गते, २०७६ फागुन १२, २८ र ३० गते, २०७६ चैत्र २, ३, ४ र ६ गते, २०७७ श्रावण १३, १४, १५ र १६ गते, २०७७ चैत्र ९, ११ र १२ गते, २०७९ जेठ ३१ र २०७९ असार २ गते बसेका १७ वटा बैठकहरुमा विधेयकमाथि विस्तृत रुपमा दफावार छलफल भएको थियो। उक्त बैठकहरुमा माननीय अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिवद्वय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, बीमा समितिका अध्यक्ष तथा अन्य पदाधिकारीहरु, बीमा क्षेत्रका विज्ञहरु, नेपाल बीमा सर्भेयर संघ र नेपाल निर्जीवन बीमा व्यवसायी संघ का पदाधिकारीहरुको उपस्थितिमा दफावार छलफल भएको र समितिको मिति २०७९ असार २ गतेको बैठकबाट "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" मा आवश्यक परिमार्जन गरी प्रतिवेदन तयार गरिएको बेहोरा सम्माननीय सभामुख मार्फत सम्मानीत सभालाई जानकारी गराउन चाहन्छु। साथै सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु।

अन्त्यमा समितिमा प्रस्तुत विधेयकको छलफलमा सहभागी हुनुहुने माननीय अर्थमन्त्रीज्यू, समितिका माननीय सदस्यहरु, संशोधनकर्ता माननीय सदस्यहरु, अर्थ मन्त्रालयका सचिवद्वय लगायतका मन्त्रालयका कर्मचारीहरु, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव तथा मन्त्रालयका अन्य कर्मचारीहरु, बीमा

समितिका अध्यक्ष तथा अन्य पदाधिकारीहरु, बीमा क्षेत्रका विज्ञहरु, नेपाल बीमा सर्भेयर संघ र नेपाल निर्जीवन बीमा व्यवसायी संघका पदाधिकारीहरु तथा समितिका सचिव लगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु।

**सम्माननीय सभामुख महोदय,**

सम्माननीय सभामुख महोदयको अनुमतिले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ को उपनियम (१) को खण्ड (क) बमोजिम "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" का सम्बन्धमा समितिमा छलफल गरी तयार गरेको प्रतिवेदन यस सम्मानित सभामा पेश गर्दछु।

मितिः २०७९/०३/०३

(कृष्ण प्रसाद दहाल)
सभापति

# "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" सम्बन्धी समितिको प्रतिवेदन, २०७९

प्रतिनिधि सभाको मिति २०७५ श्रावण २१ गते बसेको बैठकले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारीत गरी अर्थ समितिमा दफावार छलफलको लागि मिति २०७५ श्रावण २२ मा प्राप्त भएको थियो जसमा १३ जना संशोधनकर्ता माननीय सदस्यहरुबाट प्रस्तावना सहित विभिन्न ८५ बुँदामा संशोधन दर्ता भई सम्माननीय सभामुखज्यूबाट छलफलको लागि स्वीकृत भएको थियो।

सो विधेयक माथि मिति २०७५ मंसीर १७ गते देखि छलफल प्रारम्भ गरिएको थियो र बैठकमा माननीय अर्थमन्त्रीज्यूले विधेयक प्रस्तुत गर्नुपर्नाको उद्देश्य र कारणका सम्बन्धमा स्पष्ट पार्नु भएपछि विधेयकमा संशोधनकर्ता माननीय सदस्यहरुले संशोधन सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो। समितिको मिति २०७५ मंसिर १७ गते, २०७६ फागुन १२, २८ र ३० गते, २०७६ चैत्र २, ३, ४ र ६ गते, २०७७ श्रावण १३, १४, १५ र १६ गते, २०७७ चैत्र ९, ११ र १२ गते, २०७९ जेठ ३१ र २०७९ असार २ गते बसेका १७ वटा बैठकहरुमा विधेयकमाथि विस्तृत रुपमा दफावार छलफल भएको थियो। उक्त बैठकहरुमा माननीय अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिवद्वय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, बीमा समितिका अध्यक्ष तथा अन्य पदाधिकारीहरु, बीमा क्षेत्रका विज्ञहरु, नेपाल बीमा सर्भेयर संघ र नेपाल निर्जीवन बीमा व्यवसायी संघका पदाधिकारीहरुको उपस्थितिमा दफावार छलफल भएको र समितिको मिति २०७९ असार २ गतेको बैठकबाट "बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" मा आवश्यक परिमार्जन गरी देहायको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्ने भनी समितिले निर्णय गरे अनुसार यो प्रतिवेदन तयार गरिएको छ।

१. बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "बीमा ऐन, २०७५" भन्ने शब्दहरूको सट्टा "बीमा ऐन, २०७९" भन्ने शब्दहरू राख्ने।

२. विधेयकको दफा २ को,-

(१) खण्ड (ख) मा रहेका "बाहेक" भन्ने शब्दको सट्टा "बाहेकको" भन्ने शब्द राख्ने।

(२) खण्ड (च) मा रहेका "दफा ५८" भन्ने शब्दहरुको सट्टा "दफा ५७" भन्ने शब्दहरू राख्ने।

(३) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(झ) "तेस्रो पक्ष सहजकर्ता" भन्नाले बीमक र बीमित बीच बीमा सञ्चालन गर्नका लागि माध्यमको रूपमा काम गर्ने इजाजपत्र प्राप्त बीमा मध्यस्थकर्ता सम्झनु पर्छ।"

(४) खण्ड (ण) क्रम मिलाउँदा कायम हुने खण्ड (त) पछि देहायको खण्ड (थ) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(थ) "बीमा अभिकर्ता" भन्नाले बीमकको कर्मचारी बाहेक बीमकको तर्फबाट कमिसनको आधारमा काम गर्ने इजाजतपत्र प्राप्त बीमा मध्यस्थकर्ता व्यक्ति वा संस्था सम्झनु पर्छ।"

(५) खण्ड (त) खण्ड क्रम मिलाउँदा कायम हुने खण्ड (द) पछि देहायको खण्ड (ध) थपी सो पछिका खण्डको क्रम मिलाउनेः-

"(ध) "बीमा दलाल" भन्नाले बीमा व्यवसाय सम्बन्धमा बीमा दलालको रूपमा कार्य गर्नको लागि इजाजतपत्र प्राप्त बीमा मध्यस्थकर्ता व्यक्ति वा संस्था सम्झनु पर्छ।"

(६) खण्ड (प) क्रम मिलाउँदा कायम हुने खण्ड (भ) पछि देहायको खण्ड (म) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(म) "बीमा सर्भेयर" भन्नाले क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्ने इजाजतपत्र प्राप्त बीमा मध्यस्थकर्ता व्यक्ति वा संस्था सम्झनु पर्छ।"

(७) खण्ड (ल) क्रम मिलाउँदा कायम हुने खण्ड (ह) को सट्टा देहायको खण्ड (ह) राखी सो पछिका खण्डको क्रम मिलाउनेः-

"(ह) "वित्तीय स्वार्थ" भन्नाले देहायका व्यक्ति, संस्था, फर्म, कम्पनी वा सङ्गठित संस्थाको बीमकमा संलग्नता रहने अवस्था सम्झनु पर्छः-

(१) सञ्चालक वा आधारभूत शेयरधनी वा कार्यकारी प्रमुख वा निजको एकाघरको परिवारको सदस्य,

(२) सञ्चालक मनोनीत गर्ने अधिकार पाएको एकल वा संयुक्त फर्म, कम्पनी वा सङ्गठित संस्था,

(३) उपखण्ड (२) बमोजिमको फर्म, कम्पनी वा सङ्गठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा निजको एकाघरको परिवारको सदस्य, वा

(४) उपखण्ड (१) वा (२) बमोजिमको व्यक्ति, फर्म, कम्पनी वा सङ्गठित संस्थाले कुनै अर्को एकल वा संयुक्त फर्म, कम्पनी वा सङ्गठित संस्थामा चुक्ता पूँजीको दश प्रतिशत वा सोभन्दा बढी शेयर लिएको रहेछ भने त्यस्तो शेयर लिएको फर्म, कम्पनी वा सङ्गठित संस्था।"

(८) खण्ड (ष) क्रम मिलाउँदा कायम हुने खण्ड (ज्ञ) मा रहेका "दफा ४८" भन्ने शब्दको सट्टा "दफा ४७" भन्ने शब्दहरू राख्ने।

(९) खण्ड (ह) क्रम मिलाउँदा कायम हुने खण्ड (कख) पछि देहायको खण्ड (कग) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(कग) "सामूहिक बीमा कोष" भन्नाले कुनै खास प्रकृतिको बीमा वा जोखिमका सम्बन्धमा बीमकहरूले सामूहिक रूपमा जोखिम बहन गर्न, एकै स्थानमा बीमाशुल्क जम्मा गर्न, पुनर्बीमा व्यवस्था गर्न तथा दाबी भुक्तानी व्यवस्था गर्न स्थापना गरेको सामूहिक बीमा कोष (बीमा पुल) सम्झनु पर्छ।"

३. विधेयकको दफा ५ को,-

(१) खण्ड (ग) मा रहेका ", नवीकरण" भन्ने शब्द झिक्ने।

(२) खण्ड (थ) मा रहेको "नेपाल" भन्ने शब्दको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राख्ने।

(३) खण्ड (न) मा रहेको "नियमक" भन्ने शब्दको सट्टा "नियामक" भन्ने शब्द राख्ने।

४. विधेयकको दफा ६ को उपदफा (२) मा रहेका "सचिव रुपमा" भन्ने शब्दहरुको सट्टा "सचिवको रुपमा" भन्ने शब्दहरु राख्ने।

५. विधेयकको दफा ७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) समितिको अध्यक्षको नियुक्तिको लागि नेपाल सरकार समक्ष नाम सिफारिस गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा मन्त्रालयका सचिव र बीमा क्षेत्रसँग सम्बन्धित विशेषज्ञ सदस्य रहेको एक समिति रहनेछ र सो समितिको सिफारिसमा यस दफा बमोजिम अध्यक्षको नियुक्ति हुनेछ।"

(२) उपदफा (४) मा रहेको "सामान्यतया" भन्ने शब्द झिक्ने।

(३) उपदफा (५) मा रहेको "सदस्य" भन्ने शब्दको सट्टा "सदस्यको" भन्ने शब्द राखी सोही उपदफाको अन्त्यमा देहायको वाक्यांश थप्नेः-

"त्यसरी नियुक्त गर्दा कम्तीमा एक जना महिलाको प्रतिनिधित्व हुने गरी नियुक्ति गर्नु पर्नेछ।"

६. विधेयकको दफा ८ को उपदफा (३) को,-

(१) खण्ड (ख) झिकी त्यसपछिको खण्डक्रम मिलाउने।

(२) खण्ड (ङ) र (च) क्रम मिलाउँदा कायम हुने खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राखी त्यसपछिका खण्डक्रम मिलाउनेः-

"(घ) प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्था रहेको,

(ङ) मानसिक अस्वस्थताको कारण पदमा रही कार्य सम्पादन गर्न असमर्थ रहेको,"

७. विधेयकको दफा १२ को उपदफा (१) को खण्ड (ग) मा रहेको "इमान्दारीपूर्वक" भन्ने शब्द झिक्ने।

८. विधेयकको दफा १३ को सट्टा देहायको दफा १३ राख्नेः-

"१३. <u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लेख भएका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको प्रमुख प्रशासकीय तथा प्रमुख कार्यकारी पदाधिकारीको रूपमा कार्य गर्ने,

(ख) प्राधिकरणको बीमा नीति तथा अन्य नीति, नियम, विनियम, निर्देशिका, कार्यविधि, आवधिक योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(ग) प्राधिकरणको बीमा नीति तथा अन्य नीति, विनियम, निर्देशिका, कार्यविधि, आवधिक योजना तथा वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(घ) प्राधिकरणको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ङ) प्राधिकरणले गर्नुपर्ने कार्यहरू व्यवस्थित र नियमित गर्ने,

(च) बीमक र बीमित बीचको विवादमा मध्यस्थता गर्ने,

(छ) बीमा व्यवसायको नियमन, निरीक्षण वा अनुगमन सम्बन्धी कार्य गर्ने वा गराउने,

(ज) बीमकको शाखा, उपशाखा तथा अन्य कार्यालय खोल्न स्वीकृति दिने वा बन्द गर्न आदेश दिने,

(झ) दफा १३४ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) र उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमको अधिकार प्रयोग गरी नियमन सम्बन्धी कारबाही गर्ने,

(ञ) आफूलाई प्राप्त अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गरी आवश्यक कार्य गर्ने वा गराउने,

(ट) अन्तर्राष्ट्रिय सङ्घ संस्थामा प्राधिकरणको तर्फबाट प्रतिनिधित्व गर्ने वा गराउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने।

९. विधेयकको दफा १६ को उपदफा (४) मा रहेका "कम्तीमा पचास प्रतिशत" भन्ने शब्दहरूको सट्टा "समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी" भन्ने शब्दहरु राख्ने।

१०. विधेयकको दफा १९ को उपदफा (२) पछि देहायको उपदफा (३) थप्नेः-

"(३) यस दफा बमोजिम प्राधिकरणको कर्मचारी दरवन्दी र पारिश्रमिक तथा सुविधा थप गर्नु पर्दा मन्त्रालयको स्वीकृती लिनु पर्नेछ।"

११. विधेयकको दफा २० को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (ख) मा रहेका "वा इजाजतपत्र नवीकरण" भन्ने शब्दहरू झिक्ने।

(ख) खण्ड (ङ) झिकी त्यसपछिका खण्डको क्रम मिलाउने।

(ग) खण्ड (च) क्रम मिलाउँदा कायम हुने खण्ड (ङ) मा रहेका "संस्था वा व्यक्तिबाट" भन्ने शब्दहरूको सट्टा "संस्थाबाट" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) मा रहेका "खण्ड (च) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "खण्ड (ङ) बमोजिमको" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपी त्यसपछिको उपदफाको क्रम मिलाउनेः-

"(५) यस दफा बमोजिमको कोषमा जम्मा भएको रकममध्ये प्राधिकरणको कार्य सञ्चालन, व्यवस्थापन तथा बीमा विकासका लागि वार्षिक रूपमा छुट्याएको रकमको अतिरिक्त पचास प्रतिशतले हुन आउने रकम बाहेक अन्य रकम वार्षिक रूपमा संघीय सञ्चित कोषमा दाखिल गरिनेछ।"

(४) साविकको उपदफा (७) झिक्ने।

१२. विधेयकको दफा २१ को उपदफा (१) मा रहेका "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरूको सट्टा "प्रचलित नेपाल लेखामान बमोजिम" भन्ने शब्दहरू राख्ने।

१३. विधेयकको दफा २३ को सट्टा देहायको दफा २३ राख्नेः-

"२३. <u>लेखापरीक्षण समितिः</u> (१) समितिले आफूप्रति उत्तरदायी हुने गरी देहाय बमोजिमको एक लेखापरीक्षण समिति गठन गर्नेछः-

(क) समितिले तोकेको एक जना सञ्चालक - संयोजक

(ख) समितिले तोकेको सम्बन्धित विषयको विज्ञ एक जना - सदस्य।

(२) प्राधिकरणको आन्तरिक लेखापरीक्षण हेर्ने विभागीय प्रमुखले लेखापरीक्षण समितिको सचिवको रुपमा कार्य गर्नेछ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१४. विधेयकको दफा २४ को,-

(१) उपदफा (१) र (२) मा रहेका "वा सुरक्षण" भन्ने शब्दहरू झिक्ने।

(२) उपदफा (३) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिक्ने।

१५. विधेयकको दफा २५ को, -

(१) उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिको उपदफाको क्रम मिलाउनेः-

"(४) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (३) मा उल्लिखित सीमाभन्दा बढी शेयर स्वामित्व भएको व्यक्ति वा संस्थाले ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र सोही उपदफा बमोजिमको शेयर लगानी सीमा कायम गर्नु पर्नेछ।"

(२) साविकको उपदफा (५) झिक्ने।

१६. विधेयकको दफा २६ को,-

(१) उपदफा (१) मा रहेको "दस्तुर" भन्ने शब्दको सट्टा "शुल्क" भन्ने शब्द राख्ने र सोही उपदफाको खण्ड (च) को,-

(क) उपखण्ड (४) को अन्तिममा रहेको "," भन्ने शब्दको सट्टा "।" भन्ने शब्द राख्ने।

(ख) उपखण्ड (५) झिकी खण्ड (च) पछि देहायको खण्ड (छ) थप्नेः-

"(छ) प्राधिकरणले निर्धारण गरेका अन्य विवरण तथा कागजात।"

(२) उपदफा (३) मा रहेको "दस्तुर" भन्ने शब्दको सट्टा "शुल्क" भन्ने शब्द राख्ने।

(३) उपदफा ४ को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नेः-

"(ङ) वित्तीय सक्षमता देखिने गरी त्यस्तो कम्पनीको पछिल्लो पाँच आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,"

(ख) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(च) विदेशी संस्थाको सञ्चालकको नामावली र शेयर स्वामित्वको अनुपात तथा वित्तीय स्वार्थ रहेको संस्थाको विवरण,"

(ग) खण्ड (च) क्रम मिलाउँदा कायम भएको खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नेः-

"(छ) प्राधिकरणले निर्धारण गरेका अन्य विवरण तथा कागजात।"

१७. विधेयकको दफा २७ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नेः-

"(ङ) दफा २६ बमोजिम प्राधिकरणले तोकेका कागजात तथा विवरण पेश नगरेमा,"

(ख) खण्ड (छ) मा रहेका "दफा ३७" भन्ने शब्दहरुको सट्टा "दफा ३६" भन्ने शब्दहरु राख्ने।

(ग) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राख्नेः-

"(ड) एकै किसिमको बीमा व्यवसाय गर्ने कुनै बीमकमा आफ्नो वा आफ्नो एकाघर परिवारको आधारभूत शेयर भएमा।"

(२) उपदफा (२) मा रहेका "जीवन बीमा र निर्जीवन बीमा दुवै बीमा व्यवसाय" भन्ने शब्दहरूको सट्टा "एकभन्दा बढी किसिमको बीमा व्यवसाय" भन्ने शब्दहरू राख्ने।

१८. विधेयकको दफा २८ को,-

(१) उपदफा (१) मा रहेका "कम्पनी वा खोलिएको विदेशी बीमा कम्पनीको शाखा कार्यालयले" भन्ने शब्दहरूको सट्टा "कम्पनीले" भन्ने शब्द राख्ने।

(२) उपदफा (१) को खण्ड (थ) को सट्टा देहायको खण्ड (थ) राख्नेः-

"(थ) प्राधिकरणले निर्धारण गरेका अन्य विवरण तथा कागजात।"

(३) उपदफा (२) को,-

(क) खण्ड (ग) को सुरूमा "त्यस्तो" भन्ने शब्द थप्ने।

(ख) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः-

"(घ) प्राधिकरणले निर्धारण गरेका अन्य विवरण तथा कागजात।"

१९. विधेयकको दफा २९ को,-

(१) उपदफा (२) मा रहेका "दफा ६२" भन्ने शब्दहरुको सट्टा "दफा ६१" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (७) झिकी त्यसपछिको उपदफाको क्रम मिलाउने।

२०. विधेयकको दफा ३० को सट्टा देहायको दफा ३० राख्नेः-

"३०. <u>बीमा व्यवसाय प्रारम्भ गर्नु पर्ने:</u> (१) बीमकले इजाजतपत्र प्राप्त गरेको छ महिनाभित्र इजाजतपत्रमा उल्लेख भए बमोजिमको बीमा व्यवसाय प्रारम्भ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र बीमकले बीमा व्यवसाय प्रारम्भ गर्न नसकेमा सोको उचित आधार र कारण खोली सो अवधि समाप्त हुनु अगावै म्याद थपको लागि प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखिएमा प्राधिकरणले छ महिनाको लागि अवधि थप गरिदिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम थप भएको अवधिभित्र बीमकले बीमा व्यवसाय प्रारम्भ गरी सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको अवधिभित्र बीमा व्यवसाय प्रारम्भ नगरेमा प्राधिकरणले त्यस्तो बीमकको इजाजतपत्र रद्द गर्न सक्नेछ।"

२१. विधेयकको दफा ३१ को,-

(१) दफा शीर्षक पछि रहेको "(१)" भन्ने शब्द झिक्ने र सोही उपदफामा रहेका "समितिले निश्चित अवधिसम्म" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणले अवधि तोकी" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) झिक्ने।

२२. विधेयकको दफा ३२ को सट्टा देहायको दफा ३२ राख्ने,-

"३२. <u>शाखा कार्यालय खोल्न सक्नेः</u> बीमकले प्राधिकरणको पूर्व स्वीकृति लिई नेपालभित्र वा विदेशमा तोकिए बमोजिम शाखा कार्यालय खोल्न सक्नेछ।"

२३. विधेयकको दफा ३२ पछि देहायको दफा ३३ थपी त्यसपछिको दफाक्रम मिलाउनेः-

"३३. <u>सम्पर्क कार्यालय खोल्न सक्नेः</u> (१) प्राधिकरणको पूर्व स्वीकृति लिई प्रचलित कानूनको अधीनमा रही कुनै विदेशी बीमा कम्पनीले नेपालमा आफ्नो सम्पर्क कार्यालय खोल्न सक्नेछ।

तर त्यस्तो सम्पर्क कार्यालयले बीमा व्यवसाय वा कारोबार गर्न सक्ने छैन।

(२) विदेशी बीमा कम्पनीको सम्पर्क कार्यालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२४. विधेयकको साविकको दफा ३३ र ३४ झिकी त्यसपछिका दफाको क्रम मिलाउने।

२५. विधेयकको दफा ३५ क्रम मिलाउँदा कायम हुने दफा ३४ को उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (३) थप्नेः-

"(३) यस दफा बमोजिम बीमा व्यवसायको प्रकार (पोर्टफोलियो) को इजाजत खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२६. विधेयकको दफा ३६ क्रम मिलाउँदा कायम हुने दफा ३५ को,-

(१) उपदफा (१) मा रहेका "राष्ट्रियस्तरको कम्तीमा दुई वटा दैनिक पत्रिका" भन्ने शब्दहरूको सट्टा "कम्तीमा दुई वटा राष्ट्रिय स्तरको दैनिक पत्रिका" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) मा रहेका "बीमा शुल्क एवम्" भन्ने शब्हरूको सट्टा "बीमाशुल्क, दाबी तथा" भन्ने शब्दहरू राख्ने।

२७. विधेयकको दफा ३७ क्रम मिलाउँदा कायम हुने दफा ३६ को उपदफा (५) मा रहेका "तथा लगानी" भन्ने शब्दहरू झिक्ने।

२८. विधेयकको दफा ३८ क्रम मिलाउँदा कायम हुने दफा ३७ को सट्टा देहायको दफा ३७ राख्नेः-

"३७. <u>पूँजी घटाउन आदेश दिन सक्नेः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले देहायको अवस्थामा बीमकको चुक्ता पूँजी घटाउन आदेश दिन सक्नेछः–

(क) साविकमा गर्दै आएको बीमाको प्रकार (पोर्टफोलियो) मध्ये कुनै प्रकारको बीमाको इजाजत खारेज भएमा,

(ख) दफा १०१ बमोजिम बीमक समस्याग्रस्त परेको देखिएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३६ को उपदफा (१) बमोजिम कायम भएको न्यूनतम चुक्ता पूँजीभन्दा कम हुने गरी बीमकको चुक्ता पूँजी घटाइने छैन।"

२९. विधेयकको दफा ३९ क्रम मिलाउँदा कायम हुने दफा ३८ को,-

(१) उपदफा (२) मा रहेका "बीमा व्यवसायको" भन्ने शब्दहरूको सट्टा "बीमा प्रकार (पोर्टफोलियो) को" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) को ठाउँठाउँमा रहेका "बीमा व्यवसायसँग" भन्ने शब्दहरूको सट्टा "बीमा प्रकार (पोर्टफोलियो) सँग" भन्ने शब्दहरू राख्ने।

३०. विधेयकको दफा ४४ क्रम मिलाउँदा कायम हुने दफा ४३ को उपदफा (१) को खण्ड (ख) मा रहेका "दफा ३७" भन्ने शब्दहरूको सट्टा "दफा ३६" र सोही उपदफाको खण्ड (ग) मा रहेका "दफा ४३" भन्ने शब्दहरूको सट्टा दफा "दफा ४२" भन्ने शब्दहरू राख्ने।

३१. विधेयकको दफा ४५ क्रम मिलाउँदा कायम हुने दफा ४४ को,-

(१) उपदफा (२) मा रहेका "पाँच प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पाँच प्रतिशतसम्म" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (४) मा रहेका "नेपाल सरकार वा प्रदेश सरकारले तोके बमोजिम" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारले तोके बमोजिम" भन्ने शब्दहरू राख्ने।

३२. विधेयकको दफा ४६ को क्रम मिलाउँदा कायम हुने दफा ४५ को,-

(१) उपदफा (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरू पछि "बमोजिम" भन्ने शब्द थप्ने।

(२) उपदफा (४) र (५) को सट्टा देहायका उपदफा (४) र (५) राख्नेः-

"(४) बीमकले बीमा व्यवसाय प्रारम्भ गरेको एक वर्ष पूरा भएपछि मात्र सर्वसाधारणका लागि शेयर निष्काशन गर्न सक्नेछ। त्यसरी शेयर निष्काशन गर्दा पछिल्लो वर्षको लेखापरीक्षण सम्पन्न गरेको हुनु पर्नेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले सर्वसाधारणबाट शेयर खरिदका लागि दरखास्त आह्वान गर्दा शेयरको अङ्कित मूल्यको शतप्रतिशत रकम माग गर्नु पर्नेछ।"

३३. विधेयकको दफा ४७ क्रम मिलाउँदा कायम हुने दफा ४६ को,-

(१) उपदफा (१) मा रहेका "शेयर धनीको रूपमा निजले लिएको शेयर" भन्ने शब्दहरू झिकी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "दुई वर्षभित्र" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-

"(४) बीमकको कार्यकारी प्रमुख, लेखापरीक्षक, कर्मचारी, कम्पनी सचिव वा बीमकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्ति त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित बीमक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो एकाघरको परिवारको सदस्य वा वित्तीय स्वार्थ भएको अन्य कुनै पनि व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न लगाउन वा खरिद गर्न दिन, धितो बन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन दिन, हस्तान्तरण गर्न वा लेनदेन गर्न हुँदैन।

तर बोनस शेयर, हकप्रद शेयर, कर्मचारीलाई छुट्याइएको शेयर वा नयाँ शेयर जारी हुँदा, परिच्छेद-१४ बमोजिम एक बीमकले अर्को बीमक प्राप्ति गर्दा वा एकआपसमा गाभ्दा, गाभिँदा, बीमा व्यवसाय हस्तान्तरण हुँदा वा प्राधिकरणको निर्देशन कार्यान्वयन गर्दा शेयरको खरिद बिक्री वा हस्तान्तरण गर्ने गराउने काम कारबाहीलाई यो उपदफाले बाधा पुऱ्याएको मानिने छैन।"

३४. विधेयकको दफा ४८ क्रम मिलाउँदा कायम हुने दफा ४७ को,-

(१) उपदफा (४) मा रहेका "दफा ५०" भन्ने शब्दहरुको सट्टा "दफा ४९" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (५) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर स्वतन्त्र सञ्चालक सञ्चालक समितिको अध्यक्ष हुन पाउने छैन।"

३५. विधेयकको दफा ५० क्रम मिलाउँदा कायम हुने दफा ४९ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) र (ख) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "सरकारी सेवा वा सङ्गठित संस्थाको" भन्ने शब्दहरू राख्ने।

(ख) खण्ड (ग) मा रहेका "कानून विषयमा" भन्ने शब्दहरूको सट्टा "वाणिज्य कानून विषयमा" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) को सट्टा उपदफा (२) राख्नेः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमा, मौद्रिक, बैङ्किङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा वाणिज्य कानून विषयमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको र स्वदेशी वा विदेशी बीमक वा सम्बन्धित क्षेत्रको सङ्गठित संस्थाको सञ्चालक वा व्यवस्थापक तहमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको व्यक्ति बीमकको स्वतन्त्र सञ्चालकको रूपमा नियुक्त हुन योग्य हुनेछ।

तर बीमकको सञ्चालक, सञ्चालकको एकाघर परिवारको सदस्य, लेखापरीक्षक, परामर्शदाता तथा बीमकको आधारभूत शेयरधनी वा बीमकसँग वित्तीय स्वार्थ भएको व्यक्ति स्वतन्त्र सञ्चालक हुन पाउने छैन।"

३६. विधेयकको दफा ५१ क्रम मिलाउँदा कायम हुने दफा ५० को,-

(१) खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राख्नेः-

"(ख) मानसिक अस्वस्थताको कारण पदमा रही कार्य सम्पादन गर्न असमर्थ रहेको,

(ग) प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा रहेको,"

(२) खण्ड (ड) मा रहेका "बीमा कसूर वा बैङ्किङ्ग कसूर" भन्ने शब्दहरूको सट्टा "बीमा, बैङ्किङ्ग वा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर" भन्ने शब्दहरू राख्ने।"

३७. विधेयकको दफा ५२ क्रम मिलाउँदा कायम हुने दफा ५१ को उपदफा (१) को खण्ड (क) मा रहेका "दफा ५१" भन्ने शब्दहरुको सट्टा "दफा ५०" भन्ने शब्दहरु राख्ने।

३८. विधेयकको दफा ५३ क्रम मिलाउँदा कायम हुने दफा ५२ को,-

(१) उपदफा (७) झिकी सो पछिका उपदफाको क्रम मिलाउने।

(२) उपदफा (१०) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (९) मा रहेका "कुनै खास विषयमा" भन्ने शब्दहरूको सट्टा "बैठकमा छलफलका लागि निर्धारित विषयमा" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (११) क्रम मिलाउँदा कायम हुने उपदफा (१०) मा रहेका "प्राधिकरणले निर्धारण गरिदिए बमोजिमको" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणले जारी गरेको निर्देशनको अधीनमा रही साधारण सभाले निर्धारण गरे बमोजिमको" भन्ने शब्दहरू राख्ने।

३९. विधेयकको दफा ५४ क्रम मिलाउँदा कायम हुने दफा ५३ को उपदफा (३) को खण्ड (घ) मा रहेका "कानून बमोजिम" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरू राख्ने।

४०. विधेयकको दफा ५५ क्रम मिलाउँदा कायम हुने दफा ५४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) उपदफा (१) बमोजिम गठन भएको समिति वा उपसमितिको काम, कर्तव्य र अधिकार तथा बैठकको कार्यविधि सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ।"

४१. विधेयकको दफा ५६ क्रम मिलाउँदा कायम हुने दफा ५५ मा रहेका "दफा ५५" भन्ने शब्दहरुको सट्टा "दफा ५४" भन्ने शब्दहरु राख्ने।

४२. विधेयकको दफा ५७ क्रम मिलाउँदा कायम हुने दफा ५६ को,-

(१) उपदफा (१) मा रहेका "तोकिए बमोजिमका" भन्ने शब्दहरू झिक्ने।

(२) उपदफा (२) मा रहेको "व्यक्तिलाई" भन्ने शब्दको सट्टा "व्यक्ति" भन्ने शब्द राख्ने।

(३) उपदफा (३) मा रहेका "आफ्नो क्षमता अनुसार" भन्ने शब्दहरू झिक्ने।

(४) उपदफा (४) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३)" भन्ने शब्दहरू राख्ने।

४३. विधेयकको दफा ५८ क्रम मिलाउँदा कायम हुने दफा ५७ को,-

(१) उपदफा (३) झिकी सो पछिका उपदफाको क्रम मिलाउने।

(२) उपदफा (५) क्रम मिलाउँदा कायम हुने उपदफा (४) को खण्ड (क) मा रहेका "उपाधि हासिल गरेको" भन्ने शब्दहरू पछि "र व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए पाँच वर्ष, बैङ्क वा वित्तीय क्षेत्रमा भए आठ वर्ष तथा दुवै क्षेत्रमा भए बीमामा कम्तीमा एक वर्षको अनुभव सहित कम्तीमा सात वर्षको अनुभव हासिल गरेको, वा" भन्ने शब्दहरू थप्ने।

(२) उपदफा (६) क्रम मिलाउँदा कायम हुने उपदफा (५) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः-

"(क) मानसिक अस्वस्थताको कारण पदमा रही कार्य सम्पादन गर्न असमर्थ रहेको,"

(ख) खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "बाधा पुऱ्याउने छैन।" भन्ने शब्दहरूको सट्टा "बाधा पुगेको मानिने छैन।" भन्ने शब्दहरू राख्ने।

(ग) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपी सो पछिका खण्डको क्रम मिलाउनेः-

"(ज) कार्यकारी प्रमुख भइसकेको व्यक्ति त्यस्तो पदमा नरहेको मितिले छ महिना नपुगेको,"

(३) उपदफा (९) क्रम मिलाउँदा कायम हुने उपदफा (८) मा रहेका "शर्त तथा सुविधाहरू" भन्ने शब्दहरू पछि "प्राधिकरणले समय समयमा जारी गरेको निर्देशनको अधीनमा रही" भन्ने शब्दहरू थप्ने।

४४. विधेयकको दफा ६१ क्रम मिलाउँदा कायम हुने दफा ६० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) उपदफा (१) बमोजिम बीमकको कार्यकारी प्रमुख, पदाधिकारी, लेखापरीक्षक, परामर्शदाता, कर्मचारी वा बीमा मध्यस्थकर्ताबाट भए गरेको अनियमित काम कारबाहीको गोप्य रूपमा जानकारी दिने व्यक्तिको पेशागत सुरक्षाको संरक्षण गर्ने कर्तव्य सम्बन्धित बीमकको सञ्चालक समितिको हुनेछ।"

४५. विधेयकको दफा ६२ क्रम मिलाउँदा कायम हुने दफा ६१ को उपदफा (२) र (३) मा रहेका "तोकिए बमोजिमको" भन्ने शब्दहरू पछि "प्रकार (पोर्टफोलियो) को" भन्ने शब्दहरू राख्ने।

४६. विधेयकको दफा ६३ क्रम मिलाउँदा कायम हुने दफा ६२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) बीमा करार गर्दा बीमक तथा बीमितले प्रस्तावित जोखिम सम्बन्धी तथ्यपरक जानकारी सद्विश्वासको आधारमा एक अर्कालाई स्पष्ट रूपमा जानकारी गराउनु पर्नेछ।"

४७. विधेयकको दफा ६५ क्रम मिलाउँदा कायम हुने दफा ६४ को,-

(१) उपदफा (५) मा रहेका "तोकिए बमोजिमको" भन्ने शब्दहरू झिक्ने।

(२) उपदफा (६) मा रहेका "बीमा शुल्क तथा बीमादर" भन्ने शब्दहरूको सट्टा "बीमा दर तथा बीमाशुल्क" भन्ने शब्दहरू राख्ने।

४८. विधेयकको दफा ६६ क्रम मिलाउँदा कायम हुने दफा ६५ को दफा शीर्षक रहेका "बीमा पुल" भन्ने शब्दहरूको सट्टा "सामूहिक बीमा कोष" भन्ने शब्दहरू र सोही दफाको ठाउँठाउँमा रहेका "बीमा पुल" भन्ने शब्दहरूको सट्टा "सामूहिक बीमा कोष (बीमा पुल)" भन्ने शब्दहरू राख्ने।

४९. विधेयकको दफा ६७ क्रम मिलाउँदा कायम हुने दफा ६६ को उपदफा (१) को खण्ड (ख) मा रहेका "आफ्नो संस्थापक" भन्ने शब्दहरूको सट्टा "आफ्नो आधारभूत शेयर धनी" भन्ने शब्दहरू राख्ने।

५०. विधेयकको दफा ७० क्रम मिलाउँदा कायम हुने दफा ६९ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ख) मा रहेको "बीमकले" भन्ने शब्दको सट्टा" आधारभूत शेयर धनीले" भन्ने शब्दहरू राख्ने।

(ख) खण्ड (ग) मा रहेका "र जीवन बीमा व्यवसाय गर्न बीमकले बीमा अभिकर्तालाई तोकिए बमोजिम" भन्ने शब्दहरु झिक्ने।

(ग) खण्ड (ङ) मा रहेका "स्वीकृत प्राप्त" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणले स्वीकृत गरेको" भन्ने शब्दहरू राख्ने।

(ङ) खण्ड (छ) मा रहेका "एकै प्रकारको" भन्ने शब्दहरूको सट्टा "एकै किसिमको" भन्ने शब्दहरू राख्ने।

(च) खण्ड (ज) मा रहेको "आफ्नो" भन्ने शब्द झिक्ने।

(२) उपदफा (३) मा रहेका "नेपाल राष्ट्र बैङ्कलाई" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम स्थापना भएको वित्तीय जानकारी एकाइलाई" भन्ने शब्दहरू राख्ने।

५१. विधेयकको दफा ७१ झिकी त्यसपछिका दफाको क्रम मिलाउने।

५२. विधेयकको दफा ७२ क्रम मिलाउँदा कायम हुने दफा ७० को उपदफा (३) झिकी त्यसपछिको उपदफाको क्रम मिलाउने।

५३. विधेयकको दफा ७६ क्रम मिलाउँदा कायम हुने दफा ७४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) विदेशी बीमा कम्पनीले नेपालमा रहेको अचल सम्पत्ति वा तोकिएको सीमाभन्दा बढीको चल सम्पत्ति बेचबिखन वा धितोबन्धक गरिदिँदा वा विदेशी मुलुकमा फिर्ता लैजाँदा प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्ने निकायको अतिरिक्त प्राधिकरणको स्वीकृति लिनु पर्नेछ।"

५४. विधेयकको दफा ७८ क्रम मिलाउँदा कायम हुने दफा ७६ को उपदफा (३) मा रहेका "तथा नवीकरण" भन्ने शब्दहरू झिक्ने।

५५. विधेयकको दफा ८० क्रम मिलाउँदा कायम हुने दफा ७८ को उपदफा (१) मा रहेका "पेश हुन आएमा त्यस्तो दाबीको दाबीयोग्य रकम तोकिएको अवधिभित्र भुक्तानी गर्नु पर्नेछ।" भन्ने शब्दहरूको सट्टा "रीतपूर्वक पेश हुन आएमा त्यस्तो दाबी एक्काईस दिनभित्र फछ्र्यौट गर्नु पर्नेछ।" भन्ने शब्दहरू राख्ने।

५६. विधेयकको दफा ८२ क्रम मिलाउँदा कायम हुने दफा ८० को दफा शीर्षक पछिको "(१)" भन्ने शब्द र सोही दफाको उपदफा (२) झिक्ने।

५७. विधेयकको दफा ८३ क्रम मिलाउँदा कायम हुने दफा ८१ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) पुनर्बीमा व्यवसाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

५८. विधेयकको दफा ८४ क्रम मिलाउँदा कायम हुने दफा ८२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) बीमक र पुनर्बीमक बीच भएको पुनर्बीमा करारले बीमितको हक हित संरक्षण नगरेको वा त्यस्तो करारबाट दायित्वको जोखिम पर्याप्त रक्षावरण हुन सक्ने नदेखिएमा प्राधिकरणले जुनसुकै बखत त्यस्तो पुनर्बीमा करारका शर्तहरू पुनरावलोकन गर्न निर्देशन दिन सक्नेछ।"

५९. विधेयकको दफा ८५ क्रम मिलाउँदा कायम हुने दफा ८३ को उपदफा (४) मा रहेका "प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ" भन्ने शब्दहरूको सट्टा" तोकिए बमोजिम हुनेछ" भन्ने शब्दहरू राख्ने।

६०. विधेयकको दफा ८६ क्रम मिलाउँदा कायम हुने दफा ८४ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राख्नेः-

"(१) बीमकले आफ्नो आय-व्यय हिसाब, खुद सम्पत्ति र त्यसमा भएको परिवर्तन, बीमा, पुनर्बीमा, दाबी, लगानी सहितको त्रैमासिक वित्तीय विवरण प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।"

(२) बीमकले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सानको विवरण तयार गरी अर्को आर्थिक वर्षको छ महिनाभित्र तोकिएको ढाँचामा प्राधिकरणमा पेश गर्नु पर्नेछ।"

(२) उपदफा (३) झिकी त्यसपछिको उपदफा क्रम मिलाउने।

(३) उपदफा (४) क्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरू झिक्ने।

६१. विधेयकको दफा ८७ हाल कायम भएको दफा ८५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) यो ऐन प्रारम्भ भएपछि इजाजतपत्र प्राप्त बीमकले बीमा व्यवसाय प्रारम्भ गरेको तीस दिनभित्र र यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको लेखापरीक्षण समिति गठन नगरेको बीमकले यो ऐन प्रारम्भ भएको तीस दिनभित्र सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको संयोजकत्वमा तीन सदस्यीय लेखापरीक्षण समिति गठन गरी सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।"

(२) उपदफा (५) झिक्ने।

६२. विधेयकको दफा ८८ क्रम मिलाउँदा कायम हुने दफा ८६ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "बीमकको संस्थापक" भन्ने शब्दहरूको सट्टा "बीमकको आधारभूत शेयरधनी" भन्ने शब्दहरू राख्ने।

(ख) खण्ड (छ) झिकी त्यसपछिको खण्डक्रम मिलाउने।

(ग) खण्ड (ट) क्रम मिलाउँदा कायम हुने खण्ड (ञ) मा रहेको "हुने" भन्ने शब्द झिक्ने।

(२) उपदफा (३) र (४) झिक्ने।

६३. विधेयकको दफा ८९ क्रम मिलाउँदा कायम हुने दफा ८७ को,-

(१) उपदफा (५) मा रहेका "एक महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "तीस दिनभित्र" र सोही उपदफामा रहेको "विवरण" भन्ने शब्द पछि "स्वीकृतिका लागि" भन्ने शब्दहरू थप्ने।

(२) उपदफा (६) मा रहेको "आवश्यक" भन्ने शब्द झिकी सोही उपदफामा रहेका "छलफल गर्न" भन्ने शब्दहरू पछि "आवश्यक परेमा" भन्ने शब्दहरू थप्ने।

(३) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्नेः-

"(८) बीमकले प्रत्येक वर्ष लेखापरीक्षण भएको वित्तीय विवरण कम्तीमा दुई पटक राष्ट्रिय स्तरका सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्नुको साथै आफ्नो वेबसाइट मार्फत समेत सार्वजनिक गर्नु पर्नेछ।"

(४) उपदफा (८) पछि देहायका उपदफा (९) र (१०) थपी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(९) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम अवधि थप गर्दा समेत बीमकले लेखापरीक्षक नियुक्त नगरेको कारणबाट लेखापरीक्षण हुन नसकेमा प्राधिकरणले त्यस्तो बीमकको लागि लेखापरीक्षक नियुक्त गरिदिन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम प्राधिकरणले नियुक्त गरेको बीमकको लेखापरीक्षकको पारिश्रमिक तथा लेखापरीक्षण सम्बन्धी अन्य खर्च सम्बन्धित बीमकले व्यहोर्नु पर्नेछ।"

६४. विधेयकको दफा ९१ क्रम मिलाउँदा कायम हुने दफा ८९ को सट्टा देहायको दफा ८९ राखिएको छः-

"८९. कारबाहीको सिफारिस गर्नेः यस ऐन बमोजिमको कर्तव्य पालना नगर्ने लेखापरीक्षकलाई प्राधिकरणले एक वर्षदेखि तीन वर्षसम्म बीमकको लेखापरीक्षण गर्न नपाउने गरी लेखापरीक्षकको सूचीबाट हटाउन सम्बन्धित नियमनकारी निकायमा सिफारिस गरी पठाउन सक्नेछ।"

६५. विधेयकको दफा ९३ क्रम मिलाउँदा कायम हुने दफा ९१ को,-

(१) उपदफा (३) मा रहेका "एक वर्षको" भन्ने शब्दहरूको सट्टा "तीन वर्षको" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (४) मा रहेका "एउटा प्रकारको" भन्ने शब्दहरूको सट्टा "एउटा प्रकार (पोर्टफोलियो) को" भन्ने शब्दहरू राखी सोही उपदफा पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर बीमा सर्भेयरको कार्य गर्ने उद्देश्य लिई स्थापना भएको कम्पनीको हकमा यो व्यवस्था लागू हुने छैन।"

(३) उपदफा (४) पछि देहायको उपदफा (५) र (६) थपी त्यसपछिको उपदफाको क्रम मिलाउनेः-

"(५) यो ऐन प्रारम्भ हुँदाका बखत बीमा सर्भेयरको इजाजतपत्र लिएका व्यक्तिले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र आफ्नो विशेषज्ञता रहेको रोजेको कुनै एक प्रकार (पोर्टफोलियो) को इजाजतपत्र कायम गर्नु पर्नेछ।

(६) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले यस ऐन बमोजिम प्राप्त गरेको इजाजतपत्र अरु कसैलाई प्रयोग गर्न दिन, हस्तान्तरण गर्न वा नामसारी गर्न वा गराउन हुँदैन।"

६६. विधेयकको दफा ९४ क्रम मिलाउँदा कायम हुने दफा ९२ को उपदफा (३) को खण्ड (ख) मा रहेको "मुख्य" भन्ने शब्द झिकी सोही खण्डमा रहेका "दश वर्षको" भन्ने शब्दहरूको सट्टा "चार वर्षको" भन्ने शब्दहरू राख्ने।

६७. विधेयकको दफा ९४ को क्रम मिलाउँदा कायम हुने दफा ९२ पछि देहायको दफा ९३ राखी त्यसपछिको दफाक्रम मिलाउनेः-

"९३. बीमा मध्यस्थकर्ताको दायित्वः (१) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले इजाजतपत्रको छाँयाप्रति आफ्नो कार्यालयमा स्पष्ट देखिने गरी राखु पर्नेछ।

तर कार्यालय स्थापना नगरेका बीमा अभिकर्ता वा बीमा सर्भेयरले बीमा सम्बन्धी काम गर्दा आफ्नो इजाजतपत्र सम्बन्धित व्यक्तिले मागेमा देखाउनु पर्नेछ।

(२) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले प्राधिकरणले जारी गरेको आचारसंहिता पालना गर्नु पर्नेछ।

(३) बीमा सर्भेयरले आफ्नो नजिकको नातेदार वा आफ्नो एकाघरको परिवारको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति वा संस्था वा त्यस्तो व्यक्तिको नजिकको नातेदारको क्षति वा हानि नोक्सानीको मूल्याङ्कन वा सर्भे गर्नु वा गराउनु हुँदैन।

(४) बीमा सर्भेयरले तोकिएको अवधिभित्र सम्बन्धित बीमक समक्ष सर्भे प्रतिवेदन बुझाउनु पर्नेछ।

(५) बीमा सर्भेयरले बीमा सर्भेयरको इजाजतपत्र प्राप्त गरेको व्यक्तिलाई मात्र बीमा सर्भेको काममा लगाउनु पर्नेछ।

(६) कुनै एक बीमकको बीमा अभिकर्ताले सोही अवधिमा अर्को समान किसिमको बीमकको बीमा अभिकर्ता भई कार्य गर्न पाउने छैन।

तर जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमा अभिकर्ताले निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमा अभिकर्ता भई कार्य गर्न र निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमा अभिकर्ताले जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमा अभिकर्ता भई कार्य गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघुबीमा सम्बन्धी कार्य गर्ने बीमा अभिकर्ताले एकभन्दा बढी बीमकको लघुबीमा अभिकर्ता भई कार्य गर्न सक्नेछ।

(८) बीमा दलाल वा तेस्रो पक्ष सहजकर्ताले आफ्नो सञ्चालक समितिको कुनै सदस्य सञ्चालक भएको वा त्यस्तो सदस्यको वित्तीय स्वार्थ भएको कुनै पनि सङ्गठित संस्थामा कुनै पनि किसिमको लगानी गर्न वा त्यस्तो संस्थालाई ऋण दिन वा कुनै किसिमको जमानत वा सुरक्षण दिन हुँदैन।

(९) बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले सम्पादन गर्ने काम, पारिश्रमिक वा कमिशन, पदीय आचरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

६८. विधेयकको दफा ९५ क्रम मिलाउँदा कायम हुने दफा ९४ को उपदफा (३) मा रहेका "एक वर्षको" भन्ने शब्दहरूको सट्टा "तीन वर्षको" भन्ने शब्दहरू राख्ने।

६९. विधेयकको दफा ९६ क्रम मिलाउँदा कायम हुने दफा ९५ र विधेयकको दफा ९७ क्रम मिलाउँदा कायम हुने दफा ९६ को सट्टा देहायको दफा ९५ र दफा ९६ राख्नेः-

"९५. <u>इजाजतपत्र खारेज हुने:</u> (१) कुनै बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले इजाजतपत्र नवीकरणको लागि दफा ९४ बमोजिमको अवधिभित्र निवेदन नदिएमा इजाजतपत्रको अवधि समाप्त भएको मितिदेखि निजको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(२) कुनै बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले आफ्नो इजाजतपत्र खारेज गर्न प्राधिकरण समक्ष लिखित रुपमा निवेदन दिएमा प्राधिकरणले जाँचबुझ गरी त्यस्तो इजाजतपत्र तोकिए बमोजिम खारेज गर्न सक्नेछ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्राधिकरणले बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम, निर्देशिका वा प्राधिकरणले दिएको निर्देशन विपरीत कुनै काम गरेमा, वा

(ख) बीमितको हक हित विरुद्ध कुनै कार्य गरेको प्रमाणित भएमा।

(४) उपदफा (३) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि प्राधिकरणले सम्बन्धित बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

९६. <u>नवीकरण नहुने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले दफा ९३ बमोजिमको दायित्व पालना नगरेको कारणले सो हैसियतमा रही कार्य गर्न अयोग्य देखिएमा वा बीमितको गम्भीर हानि भएको प्रमाणित भएको खण्डमा निजको इजाजतपत्र नवीकरण हुने छैन।"

७०. विधेयकको दफा ९८ क्रम मिलाउँदा कायम हुने दफा ९७ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश झिक्ने।

७१. विधेयकको दफा ९९ झिकी त्यसपछिको दफाक्रम मिलाउने।

७२. विधेयकको दफा १०० क्रम मिलाउँदा कायम हुने दफा ९८ को उपदफा (४) मा रहेका "प्रतिलिपि माग गर्न" भन्ने शब्दहरू पछि रहेको कमा "," झिकी सोही दफाको उपदफा (९) मा रहेका "त्यस्तो निकायको" भन्ने शब्दहरूको सट्टा "त्यस्तो निकाय वा सङ्गठित संस्थाको" भन्ने शब्दहरू राख्ने।

७३. विधेयकको दफा १०१ क्रम मिलाउँदा कायम हुने दफा ९९ को,-

(१) उपदफा (१) मा रहेको "नियमन," भन्ने शब्द झिक्ने।

(२) उपदफा (२) मा रहेका "सो प्रतिवेदनको" भन्ने शब्दहरूको सट्टा "प्रतिवेदन तयार गरी सोको" भन्ने शब्दहरू राख्ने।

७४. विधेयकको दफा १०३ क्रम मिलाउँदा कायम हुने दफा १०१ को उपदफा (१) को,-

(१) खण्ड (क) झिकी त्यसपछिको खण्डक्रम मिलाउने।

(२) खण्ड (ट) क्रम मिलाउँदा कायम हुने खण्ड (ञ) मा रहेका "दफा १०७" भन्ने शब्दहरुको सट्टा "दफा १०५" भन्ने शब्दहरु राख्ने।

७५. विधेयकको दफा १०४ क्रम मिलाउँदा कायम हुने दफा १०२ को,-

(१) उपदफा (१) मा रहेका "दफा १०३" भन्ने शब्दहरूको सट्टा "दफा १०१" भन्ने शब्दहरू र सोही उपदफामा रहेको "देहायका" भन्ने शब्दको सट्टा "देहायको" भन्ने शब्द राख्ने।

(२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरू पछि "को" भन्ने शब्द राख्ने र सोही उपदफामा रहेका "आफैले" भन्ने शब्द पछि "त्यस्तो" भन्ने शब्द थप्ने।

(३) उपदफा (५) मा रहेको "प्राधिकरणले" भन्ने शब्द पछि "दफा १०३ बमोजिम" भन्ने शब्दहरू थप्ने।

७६. विधेयकको दफा १०५ क्रम मिलाउँदा कायम हुने दफा १०३ को,-

(१) उपदफा (१) मा रहेका "दफा १०४" भन्ने शब्दहरूको सट्टा "दफा १०२" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) मा रहेका "कार्यावधि थप गर्न" भन्ने शब्दहरूको सट्टा "कार्यावधि बढीमा एक वर्ष थप गर्न" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (४) झिकी त्यसपछिको उपदफाको क्रम मिलाउने।

(४) उपदफा (६) क्रम मिलाउँदा कायम हुन आएको उपदफा (५) मा रहेको "सदस्यको" भन्ने शब्दको सट्टा "सदस्य नियुक्ति सम्बन्धी" भन्ने शब्दहरू राख्ने।

७७. विधेयकको दफा १०६ क्रम मिलाउँदा कायम हुने दफा १०४ को,-

(१) उपदफा (१) मा रहेका "दफा १०५" भन्ने शब्दहरूको सट्टा "दफा १०३" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) को खण्ड (ख) मा रहेको "राख्ने" भन्ने शब्दहरूको सट्टा "राख्न" भन्ने शब्द राख्ने।

(३) उपदफा (८) मा रहेको "एकत्रीकरण" भन्ने शब्दको सट्टा "एकत्रित" भन्ने शब्द राख्ने।

७८. विधेयकको दफा १०७ क्रम मिलाउँदा कायम हुने दफा १०५ को,-

(१) उपदफा (१) र उपदफा (२) मा रहेका "बीमकको सञ्चालक, कार्यकारी प्रमुख र पदाधिकारीहरू" भन्ने शब्दहरूको सट्टा "बीमकको सञ्चालक र कार्यकारी प्रमुख" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) मा रहेका "कुनै पनि समयमा" भन्ने शब्दहरूको सट्टा "जुनसुकै बखत" भन्ने शब्दहरू राख्ने।

७९. विधेयकको दफा १०८ क्रम मिलाउँदा कायम हुने दफा १०६ को,-

(१) उपदफा (२) मा रहेका "दुई वटा राष्ट्रिय दैनिक पत्रिकामा" भन्ने शब्दहरूको सट्टा "दुई वटा राष्ट्रिय स्तरको दैनिक पत्रिका र आफ्नो वेबसाइट मार्फत समेतमा" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) मा रहेको "व्वयस्थापन" भन्ने शब्दको सट्टा "व्यवस्थापन" भन्ने शब्द राख्ने।

८०. विधेयकको दफा १११ क्रम मिलाउँदा कायम हुने दफा १०९ को शुरूको वाक्यांशमा रहेका विशेष व्यवस्थापन समूहले" भन्ने शब्दहरूको सट्टा "यस ऐन बमोजिम" भन्ने शब्दहरू र सोही दफाको खण्ड (घ) मा रहेका "दफा ११२" भन्ने शब्दहरुको सट्टा "दफा ११०" भन्ने शब्दहरु राख्ने।

८१. विधेयकको दफा ११२ क्रम मिलाउँदा कायम हुने दफा ११० को,-

(१) उपदफा (१) मा रहेका "दफा १०४" भन्ने शब्दहरुको सट्टा "दफा १०२" र "दफा १११" भन्ने शब्दहरुको सट्टा "दफा १०९" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "कुनै बीमकलाई" भन्ने शब्दहरू झिक्ने।

(२) उपदफा (४) मा रहेका "गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्न सक्नेछ" भन्ने शब्दहरू राख्ने।

८२. विधेयकको दफा ११४ क्रम मिलाउँदा कायम हुने दफा ११२ को सट्टा देहायको दफा ११२ राख्नेः-

"११२. <u>अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेः</u> विशेष व्यवस्थापन समूहले आफूले नियन्त्रणमा लिएको बीमकको सम्बन्धमा यस ऐन बमोजिम गर्नु पर्ने कार्य सम्पन्न गरेको, आफ्नो कार्यावधि समाप्त भएको वा कुनै कारणले सो समूह विघटन भएकोमा त्यसरी कार्य सम्पन्न गरेको, कार्यावधि समाप्त भएको वा विघटन भएको मितिले तीस दिनभित्र आफूले सम्पन्न गरेको काम कारबाहीको सम्बन्धमा तोकिए बमोजिमको विवरण समावेश गरी तयार गरिएको अन्तिम प्रतिवेदन प्राधिकरणसमक्ष पेश गर्नु पर्नेछ।"

८३. विधेयकको दफा ११५ क्रम मिलाउँदा कायम हुने दफा ११३ को,-

(१) उपदफा (१) मा रहेका "बीमा व्यवसाय (पोर्टफोलियो)" भन्ने शब्दहरूको सट्टा "बीमा व्यवसायको प्रकार (पोर्टफोलियो)" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) मा रहेका "पैतालीस दिनभित्र तोकिए बमोजिम व्यवसाय हस्तान्तरणका लागि" भन्ने शब्दहरूको सट्टा "बीमा व्यवसाय हस्तान्तरण गर्न तोकिए बमोजिम" भन्ने शब्दहरू राखने।

८४. विधेयकको दफा ११६ क्रम मिलाउँदा कायम हुने दफा ११४ को उपदफा (४) मा रहेको "मूल्याङ्क" भन्ने शब्दको सट्टा "मूल्याङ्कन" भन्ने शब्द राख्ने।

८५. विधेयकको दफा ११७ क्रम मिलाउँदा कायम हुने दफा ११५ विधेयकको दफा ११८ क्रम मिलाउँदा कायम हुने दफा ११६ को सट्टा देहायबमोजिमका दफा ११५ र दफा ११६ राख्नेः-

"११५. <u>प्राधिकरणले गाभ्न वा गाभिन निर्देशन दिन सक्नेः</u> (१) देहायको अवस्थामा प्राधिकरणले अवधि तोकी कुनै बीमकलाई अर्को बीमकसँग गाभ्न वा गाभिन निर्देशन दिन सक्नेछः–

(क) बीमक दफा १०९ को खण्ड (ख) बमोजिम विशेष व्यवस्थापन समूहले कुनै बीमकलाई गाभ्न प्राधिकरण समक्ष सिफारिस गरेमा, वा

(ख) बीमकको सञ्चालक वा संस्थापकको अर्को बीमकमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वित्तीय, व्यावसायिक वा निजी स्वार्थ भएमा।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएकोमा प्राधिकरणले तोकेको अवधिभित्र त्यस्तो बीमकले गाभिने प्रस्ताव प्राधिकरण समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्नेछ र प्राधिकरणबाट स्वीकृति प्राप्त भएपछि त्यस्तो बीमक अर्को बीमकसँग गाभिनेछ।

११६. <u>बीमकले अर्को बीमक प्राप्ति गर्न सक्नेः</u> (१) कुनै बीमकले उस्तै किसिमको बीमा व्यवसाय गर्ने अर्को बीमकलाई प्राप्ति (एक्विजिसन) गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम एक बीमकले अर्को बीमकलाई प्राप्ति गर्न चाहेमा दुबै बीमकले आ–आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी प्राधिकरण समक्ष सैद्धान्तिक सहमतिका लागि संयुक्त निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा सैद्धान्तिक सहमति दिन उपयुक्त देखिएमा प्राधिकरणले देहायको आधारमा सैद्धान्तिक सहमति प्रदान गर्न सक्नेछः–

(क) अल्पकालीन वा दीर्घकालीन दायित्व पूरा गर्नको लागि लक्षित बीमक असमर्थ भई अर्को बीमकले प्राप्ति गर्नु मनासिब देखिएमा,

(ख) दफा ३६ बमोजिमको चुक्ता पूँजी कायम गर्न वा यस ऐन बमोजिम कायम गर्नु पर्ने कोष कायम गर्न लक्षित बीमक असमर्थ भई अर्को बीमकले प्राप्ति गर्नु मनासिब भएमा,

(ग) लक्षित बीमकले निर्धारित अवधिभित्र सर्वसाधारणलाई शेयर जारी गर्न नसकेमा।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक बीमकले अर्को बीमकलाई प्राप्ति गर्दा बीमितलाई अहित वा हानि नोक्सानी हुने, बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा बढ्ने वा कुनै बीमकको एकाधिकार कायम हुने वा नियन्त्रित अभ्यास कायम हुन सक्ने सम्भावना देखिएमा प्राधिकरणले त्यस्तो बीमकलाई प्राप्ति गर्न स्वीकृति दिने छैन।

(५) उपदफा (३) बमोजिम प्राधिकरणबाट सैद्धान्तिक सहमति प्राप्त भएमा प्राप्ति गर्ने बीमकले बीमकको लेखापरीक्षक हुन योग्यता पुगेका व्यक्तिहरू मध्येबाट देहायका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न मूल्याङ्कनकर्ता नियुक्ति गर्नु पर्नेछः—

(क) प्राप्ति गर्ने र लक्षित बीमकको सम्पत्ति, दायित्व र व्यवसायको मूल्याङ्कन सहित समग्र आर्थिक स्थिति,

(ख) प्राप्ति गर्ने बीमकले लक्षित बीमक प्राप्ति गर्दा बीमा प्रणालीमा हुन सक्ने प्रभावको सामान्य प्रक्षेपण र प्राप्ति गर्ने बीमकको व्यावसायिक योजना,

(ग) प्राप्ति पश्चातको लक्षित बीमकका कर्मचारीको व्यवस्थापन,

(घ) प्राप्ति पश्चातको लक्षित बीमकको अल्पकालीन र दीर्घकालीन दायित्वको व्यवस्थापन,

(ङ) तोकिए बमोजिमको अन्य विवरण।

(६) उपदफा (५) बमोजिम नियुक्त मूल्याङ्कनकर्ताले आफूले तयार गरेको अध्ययन प्रतिवेदनको एक प्रति प्राधिकरण र प्राप्ति गर्ने बीमक समक्ष पेश गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदनबाट लक्षित बीमकलाई प्राप्ति गर्न उपयुक्त हुने देखिएमा प्राधिकरणले त्यस्तो बीमक प्राप्ति (एक्विजिसन) गर्नको लागि स्वीकृति प्रदान गर्नेछ।

(८) उपदफा (७) बमोजिम स्वीकृति प्राप्त भएपछि लक्षित बीमकको सम्पत्ति र दायित्व व्यवस्थापन सम्बन्धमा दुबै बीमकले आपसी सम्झौता गरी प्राप्ति गर्ने बीमकले लक्षित बीमकको तोकिए बमोजिम सङ्ख्याका संस्थापक शेयर वा अन्य शेयर खरिद गर्नु पर्नेछ।

(९) बीमकको प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

८६. विधेयकको दफा ११९ क्रम मिलाउँदा कायम हुने दफा ११७ को,-

(१) उपदफा (२) मा रहेको "स्वेच्छिक" भन्ने शब्द झिक्ने।

(२) उपदफा (४) झिक्ने।

८७. विधेयकको दफा १२० क्रम मिलाउँदा कायम हुने दफा ११८ को,-

(१) उपदफा (१) मा रहेका "दफा ११९" भन्ने शब्दहरुको सट्टा "दफा ११७" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "राष्ट्रियस्तरको दुई वटा पत्रिकामा" भन्ने शब्दहरूको सट्टा "दुई वटा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा" भन्ने शब्दहरू राख्ने।

(ख) खण्ड (घ) मा रहेको "प्राधिकरणको" भन्ने शब्दको सट्टा" प्राधिकरणले" भन्ने शब्द राख्ने।

८८. विधेयकको दफा १२१ क्रम मिलाउँदा कायम हुने दफा ११९ को,-

(१) खण्ड (ग) मा रहेका "दफा १११" भन्ने शब्दहरुको सट्टा "दफा १०९" भन्ने शब्दहरु राख्ने।

(२) खण्ड (च) झिकी त्यसपछिका खण्डको क्रम मिलाउने।

(३) खण्ड (छ) क्रम मिलाउँदा कायम हुने खण्ड (च) मा रहेका "उपदफा १३९" भन्ने शब्दहरुको सट्टा "दफा १३७" भन्ने शब्दहरु राख्ने।

(४) खण्ड (ज) क्रम मिलाउँदा कायम हुने खण्ड (छ) मा रहेका "दफा ११९" भन्ने शब्दहरुको सट्टा "दफा ११७" भन्ने शब्दहरु राख्ने।

८९. विधेयकको दफा १२२ क्रम मिलाउँदा कायम हुने दफा १२० को उपदफा (१) मा रहेका "दफा १२१" भन्ने शब्दहरुको सट्टा "दफा ११९" भन्ने शब्दहरु र सोही उपदफामा रहेका "राष्ट्रियस्तरको दुई वटा पत्रिकामा" भन्ने शब्दहरूको सट्टा "दुई वटा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा" भन्ने शब्दहरू राख्ने।

९०. विधेयकको दफा १२३ क्रम मिलाउँदा कायम हुने दफा १२१मा रहेका खण्ड (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (ख), (ग) र (घ) राख्नेः-

"(ख) बीमितलाई भुक्तानी गर्नु पर्ने वा भुक्तानी गर्न बाँकी रकम,

(ग) प्रचलित कानून बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने कर, दस्तुर र शुल्क,

(घ) प्राधिकरणलाई बुझाउनु पर्ने नियमन शुल्कको रकम,"

९१. विधेयकको दफा १२४ क्रम मिलाउँदा कायम हुने दफा १२२ को,-

(१) उपदफा (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दको सट्टा "उपदफा (२)" र निवेदन भन्ने शब्दको सट्टा "जानकारी" भन्ने शब्द राख्ने।

(२) उपदफा (४) मा रहेका "त्यस्तो कार्यालयको दफा ३९, ४०, ४१ र ४२ बमोजिमको रकम" भन्ने शब्दहरूको सट्टा "दफा ३८, ३९, ४० र ४१ बमोजिमको रकम" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (५) मा रहेका "नसक्ने गरी" भन्ने शब्दहरूको सट्टा "नपाउने गरी" भन्ने शब्दहरू राख्ने।

(४) उपदफा (८) मा रहेको "बमोजिम" भन्ने शब्द झिक्ने।

(५) उपदफा (९) मा रहेका "त्यस्तो कार्यालयको" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित कार्यालयको" भन्ने शब्दहरू राख्ने।

(६) उपदफा (१०) मा रहेका "त्यस्तो रकमको" भन्ने शब्दहरूको सट्टा त्यस्तो रकम प्राप्त गर्ने" भन्ने शब्दहरू राख्ने।

(७) उपदफा (१०) पछि देहायका उपदफा (११) र (१२) थप्नेः-

"(११) उपदफा (१०) बमोजिम दायित्व भुक्तानी हुन नसकेमा प्राधिकरणले बीमित हित संरक्षण कोषबाट व्यहोर्ने गरी आवश्यक रकमको व्यवस्था गर्नु पर्नेछ।

(१२) उपदफा (११) बमोजिम दायित्व पूरा हुन नसकेमा त्यस्तो रकमको दायित्व व्यहोर्न प्राधिकरणले नेपाल सरकारलाई अनुरोध गर्न सक्नेछ।"

९२. विधेयकको दफा १२५ क्रम मिलाउँदा कायम हुने दफा १२३ को,-

(१) उपदफा (१) मा रहेका "दाबी पेश हुन आएमा" भन्ने शब्दहरू पछि "त्यस्तो दाबीको क्षति मूल्याङ्कन गराउनु पर्ने भए सो गराई र क्षति मूल्याङ्कन गराउनु नपर्ने भएमा" भन्ने शब्दहरू थप्ने।

(२) उपदफा (३) र (५) को सट्टा देहायका उपदफा (३) र (५) राख्नेः-

"(३) बीमा दाबी बापतको रकम भुक्तानी पाउने व्यक्ति फेला नपरेमा बीमित वा हकवालालाई कुनै प्रकारले खोजेको, सम्पर्क गर्ने प्रयास गरेको वा रकम भुक्तानी गर्न पर्याप्त प्रयास गरेको प्रमाण बीमकले सुरक्षित रूपमा राख्नु पर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देशको कुनै भू–भाग वा क्षेत्रमा महाविपत्ति लगायतका अन्य सङ्कट आइपरेको अवस्थामा त्यस्तो सङ्कट परेको स्थानमा निश्चित अवधिका लागि प्राधिकरणले बीमा दाबी सम्बन्धी छुट्टै कार्यविधि तयार गरी लागू गर्न सक्नेछ।"

९३. विधेयकको दफा १२९ क्रम मिलाउँदा कायम हुने दफा १२७ को,-

(१) दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राख्नेः-

"भुक्तानी पाउने व्यक्तिः"

(२) उपदफा (३) मा रहेका "उपदफा (१) मा" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) वा (२) मा" भन्ने शब्दहरू र सोही उपदफामा रहेका "रकमसम्मको" भन्ने शब्दहरूको सट्टा "सीमासम्मको" भन्ने शब्द राख्ने।

९४. विधेयकको दफा १३० क्रम मिलाउँदा कायम हुने दफा १२८ को,-

(१) उपदफा (३) मा रहेका खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राख्नेः-

"(ग) बीमकले निर्धारण गरेको दायित्व मनासिब भएको नदेखिएमा पुनः दायित्व निर्धारण गर्न सम्बन्धित बीमकलाई आदेश दिने,

(घ) बीमकले दाबी भुक्तानी गर्नुपर्ने देखिएमा भुक्तानी गर्नको लागि सम्बन्धित बीमकलाई आदेश दिने,"

(२) उपदफा (४) मा रहेका "पाँच प्रतिशतका दरले" भन्ने शब्दहरूको सट्टा "दश प्रतिशतका दरले" भन्ने शब्दहरू राख्ने।

९५. विधेयकको दफा १३१ क्रम मिलाउँदा कायम हुने दफा १२९ को उपदफा (५) मा रहेका "तीस दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पैतीस दिनभित्र" भन्ने शब्दहरू राख्ने।

९६. विधेयकको दफा १३३ क्रम मिलाउँदा कायम हुने दफा १३१ को उपदफा (१) को खण्ड (घ) मा रहेको "गर्ने," भन्ने शब्दको सट्टा "गर्ने।" भन्ने शब्द राखी सो पछिका खण्ड (ङ) र (च) झिक्ने।

९७. विधेयकको दफा १३४ क्रम मिलाउँदा कायम हुने दफा १३२ को ठाउँ ठाउँमा रहेका "प्रदेशलाई" भन्ने शब्दको सट्टा "प्रदेशको सम्बन्धित निकायलाई" भन्ने शब्दहरू राख्ने।

९८. विधेयकको दफा १३५ क्रम मिलाउँदा कायम हुने दफा १३३ को सट्टा देहायको दफा १३३ राख्नेः-

"१३३. प्रतिवेदन पेश गर्नु पर्नेः दफा १३१ बमोजिम सञ्चालन र व्यवस्थापन गरिएको बीमकले सम्बन्धित प्रदेशमा वर्षभरिमा गरेको काम कारबाहीको तोकिए बमोजिम वार्षिक प्रतिवेदन तयार गरी प्रदेशको सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ। त्यसरी तयार गरेको प्रतिवेदनको एकप्रति प्राधिकरणमा समेत पठाउनु पर्नेछ।"

९९. विधेयकको दफा १३६ क्रम मिलाउँदा कायम हुने दफा १३४ को उपदफा (१) को खण्ड (छ) मा रहेका "सम्बन्धित अदालत" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित उच्च अदालत" भन्ने शब्दहरु राख्ने।

१००. विधेयकको दफा १३७ क्रम मिलाउँदा कायम हुने दफा १३५ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नेः-

"(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, ठगी, भ्रष्टाचार, मानव बेचबिखन वा अन्य सङ्गठित अपराध नियन्त्रणमा सहयोग पुऱ्याउन।"

१०१. विधेयकको दफा १३८ क्रम मिलाउँदा कायम हुने दफा १३६ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) झिकी त्यसपछिका खण्डको क्रम मिलाउने।

(ख) खण्ड (ख) क्रम मिलाउँदा कायम हुने खण्ड (क) मा रहेका "दफा ३७" भन्ने शब्दहरुको सट्टा "दफा ३६" राख्ने।

(ग) खण्ड (ग) क्रम मिलाउँदा कायम हुने खण्ड (ख) मा रहेका "दफा १३० वा १३१" भन्ने शब्दहरुको सट्टा "दफा १२८ वा १२९" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (४) मा रहेका "राष्ट्रियस्तर दैनिक पत्रिका तथा प्राधिकरणको वेबसाइटमा" भन्ने शब्दहरूको सट्टा "दुई वटा राष्ट्रिय स्तरको दैनिक पत्रिका तथा प्राधिकरणको वेबसाइट मार्फत" भन्ने शब्दहरू राख्ने।

१०२. विधेयकको दफा १३९ क्रम मिलाउँदा कायम हुने दफा १३७ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "दफा १३८" भन्ने शब्दहरुको सट्टा "दफा १३६" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (५) मा रहेका "राष्ट्रियस्तर दैनिक पत्रिका" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय स्तरको दैनिक पत्रिका" भन्ने शब्दहरू राख्ने।

१०३. विधेयकको दफा १४० क्रम मिलाउँदा कायम हुने दफा १३८ को,-

(१) उपदफा (१) मा रहेको "विनिययम" भन्ने शब्दको सट्टा "विनियम" भन्ने शब्द राखी सोही उपदफामा रहेको "प्राधिकरणले" भन्ने शब्द पछि "यस ऐनमा उल्लिखित" भन्ने शब्दहरू थपी सोही उपदफाको,-

(क) खण्ड (क) मा रहेका "पचास हजार" भन्ने शब्दहरुको सट्टा "पच्चीस हजार" भन्ने शब्दहरु र "पाँच हजार" भन्ने शब्दहरुको सट्टा "दुई हजार" भन्ने शब्दहरु राख्ने।

(ख) खण्ड (ख) मा रहेका "एक लाख" भन्ने शब्दहरुको सट्टा "पचास हजार" भन्ने शब्दहरु र "दश हजार" भन्ने शब्दहरुको सट्टा "पाँच हजार" भन्ने शब्दहरु राख्ने।

(ग) खण्ड (ग) मा रहेका "एक लाख पचास हजार" भन्ने शब्दहरुको सट्टा "एक लाख" भन्ने शब्दहरु र "पच्चीस हजार" भन्ने शब्दहरुको सट्टा "दश हजार" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) मा रहेका "मूल्याङ्कनका लागि बीमा सर्भेयर नखटाएमा" भन्ने शब्दहरूको सट्टा "मूल्याङ्कन नगराएमा" भन्ने शब्दहरू राखी र सोही उपदफाको,-

(क) खण्ड (क) मा रहेका "दश हजार" भन्ने शब्दहरुको सट्टा "पाँच हजार" भन्ने शब्दहरु राख्ने।

(ख) खण्ड (ख) मा रहेका "पच्चीस हजार" भन्ने शब्दहरुको सट्टा "दश हजार" भन्ने शब्दहरु राख्ने।

(ग) खण्ड (ग) मा रहेका "पचास हजार" भन्ने शब्दहरुको सट्टा "पच्चीस हजार" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (३) मा रहेका "पचास लाख रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बीस लाख रूपैयाँसम्म" भन्ने शब्दहरू राख्ने।

(४) उपदफा (४) को,-

(क) खण्ड (क) मा रहेका "पाँच लाख" भन्ने शब्दहरूको सट्टा "दुई लाख" भन्ने शब्दहरू राख्ने।

(ख) खण्ड (ख) मा रहेका "पचास लाख" भन्ने शब्दहरूको सट्टा "पच्चीस लाख" भन्ने शब्दहरू राख्ने।

(ग) खण्ड (ग) मा रहेका "एक करोड" भन्ने शब्दहरूको सट्टा "पटकै पिच्छे पचास लाख" भन्ने शब्दहरू राख्ने।

(५) उपदफा (५) मा रहेका "पाँच लाख" भन्ने शब्दहरूको सट्टा "तीन लाख" भन्ने शब्दहरू राख्ने।

(६) उपदफा (६) को,-

(क) खण्ड (क) मा रहेका "दश हजार" भन्ने शब्दहरूको सट्टा "पाँच हजार" भन्ने शब्दहरू राख्ने।

(ख) खण्ड (ख) मा रहेका "पचास हजार" भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार" भन्ने शब्दहरू राख्ने।

(ग) खण्ड (ग) मा रहेका "एक लाख" भन्ने शब्दहरूको सट्टा "पटकै पिच्छे पचास हजार" भन्ने शब्दहरू राख्ने।

(७) उपदफा (७) मा रहेका "दफा ८९" भन्ने शब्दहरुको सट्टा "दफा ८७" भन्ने शब्दहरु राख्ने।

(८) उपदफा (८) झिकी त्यसपछिका उपदफाको क्रम मिलाउने।

(९) उपदफा (९) क्रम मिलाउँदा कायम हुन आउने उपदफा (८) मा रहेका "दफा १३० को उपदफा (२) वा दफा १३१ को उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "दफा १२८ को उपदफा (२) वा दफा १२९ को उपदफा (३)" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नेः-

"(ख) बीमकको सञ्चालक, पदाधिकारी, कर्मचारी, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई पाँच हजार रुपैयाँ।"

(१०) उपदफा (१०) क्रम मिलाउँदा कायम हुन आउने उपदफा (९) को,-

(क) खण्ड (क) मा रहेका "पाँच हजार" भन्ने शब्दहरूको सट्टा "दुई हजार" भन्ने शब्दहरू राख्ने।

(ख) खण्ड (ख) मा रहेका "दश हजार" भन्ने शब्दहरूको सट्टा "पाँच हजार" भन्ने शब्दहरू राख्ने।

(ग) खण्ड (ग) मा रहेका "पच्चीस हजार" भन्ने शब्दहरूको सट्टा "दश हजार" भन्ने शब्दहरू राख्ने।

(घ) खण्ड (घ) मा रहेका "पचास हजार" भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार" भन्ने शब्दहरू राख्ने।

(११) उपदफा (११) क्रम मिलाउँदा कायम हुन आउने उपदफा (१०) मा रहेका "एक लाख" भन्ने शब्दहरुको सट्टा "पचास हजार" र "दश लाख रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँ" भन्ने शब्दहरु राख्ने।

(१२) उपदफा (१३) क्रम मिलाउँदा कायम हुन आउने उपदफा (१२) मा रहेका "उच्च अदालत" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित उच्च अदालत" भन्ने शब्दहरु राख्ने।

१०४. विधेयकको दफा १४१ क्रम मिलाउँदा कायम हुने दफा १३९ को,-

(१) उपदफा (१) मा रहेका "दफा १३६" भन्ने शब्दहरुको सट्टा "दफा १३४" र "दफा १४०" भन्ने शब्दहरुको सट्टा "दफा १३८" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (४) मा रहेका "तोके बमोजिम" भन्ने शब्दहरूको सट्टा "निर्धारण गरे बमोजिम" भन्ने शब्दहरू राख्ने।

१०५. विधेयकको दफा १४२ क्रम मिलाउँदा कायम हुने दफा १४० को,-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेका "दफा ९२" भन्ने शब्दको सट्टा "दफा ९०" भन्ने शब्दहरू राख्ने।

(२) खण्ड (ङ) मा रहेका "मूल्याङ्कन गर्दा" भन्ने शब्दहरू पछि "स्वार्थवस वा" भन्ने शब्दहरू थप्ने।

(३) उपदफा (२) मा रहेका "सिलसिला बाहेक "भन्ने शब्दहरू पछि "प्राधिकरणको स्वीकृति नलिई वा झुट्टा विवरण पेश गरी स्वीकृति लिई" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेको "सोको स्वीकृति लिएमा," भन्ने शब्दहरू झिक्ने।

१०६. विधेयकको दफा १४३ क्रम मिलाउँदा कायम हुने दफा १४१ को,-

(१) उपदफा (१) मा रहेका "तीन वर्षदेखि" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षदेखि" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) मा रहेका "पाँच वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-

"(४) दफा १४० को उपदफा (१) को खण्ड (झ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।"

(४) ठाउँठाउँमा रहेका "दफा १४२" भन्ने शब्दहरुको सट्टा "दफा १४०" भन्ने शब्दहरु राख्ने।

१०७. विधेयकको दफा १४४ क्रम मिलाउँदा कायम हुने दफा १४२ मा रहेका "दफा १४२" भन्ने शब्दहरूको सट्टा "दफा १४०" भन्ने शब्दहरू राख्ने।

१०८. विधेयकको दफा १४५ क्रम मिलाउँदा कायम हुने दफा १४३ को उपदफा (४) मा रहेका "त्यस्तो व्यक्ति वा निजको एकाघरको परिवारको वा" भन्ने शब्दहरू झिक्ने।

१०९. विधेयकको दफा १४७ क्रम मिलाउँदा कायम हुने दफा १४५ मा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "छ महिनाभित्र" र "छ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "तीन महिनाभित्र" भन्ने शब्दहरू राख्ने।

११०. विधेयकको दफा १४८ क्रम मिलाउँदा कायम हुने दफा १४६ को उपदफा (१) मा रहेका "दफा १४२" भन्ने शब्दहरूको सट्टा "दफा १४०" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेको "चल्नेछ।" भन्ने शब्दको सट्टा "चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ मा समावेश भएको मानिनेछ।"

१११. विधेयकको दफा १४९ क्रम मिलाउँदा कायम हुने दफा १४७ को,-

(१) उपदफा (१) मा रहेका "दफा १४२" भन्ने शब्दहरुको सट्टा "दफा १४०" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः-

"(४) यस ऐन बमोजिम उच्च अदालतमा परेको निवेदन वा पुनरावेदन उपरको सुनुवाई सम्बन्धित उच्च अदालतको वाणिज्य इजलासबाट हुनेछ।

११२. विधेयकको दफा १५१ क्रम मिलाउँदा कायम हुने दफा १४९ मा रहेका "दफा १४०" भन्ने शब्दहरुको सट्टा "दफा १३८" भन्ने शब्दहरु राख्ने।

११३. विधेयकको दफा १५२ क्रम मिलाउँदा कायम हुने दफा १५० पछि देहाय बमोजिमको दफा १५१ थप्नेः-

"१५१. <u>बीमा विकास कोषः</u> (१) बीमाको पहुँच आर्थिक रुपले विपन्न वर्गका नागरिकसम्म पुऱ्याई बीमाको माध्यमबाट नागरिकको हित संरक्षण गर्नको लागि प्राधिकरणमा एक बीमा विकास कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:—

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) दफा ७९ बमोजिम बीमकबाट प्राधिकरणलाई प्राप्त हुने लघुबीमा नियमन शुल्कको पचास प्रतिशतले हुन आउने रकम र दफा १०० बमोजिम बीमकबाट प्राधिकरणलाई प्राप्त हुने नियमन शुल्कको कम्तीमा तेत्तीस प्रतिशतले हुन आउने रकम, र

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राधिकरणले प्रत्येक वर्ष उपदफा (१) बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकमको प्रयोग तोकिएको क्षेत्रमा तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। "

११४. विधेयकको दफा १५७ क्रम मिलाउँदा कायम हुने दफा १५६ को,-

(१) उपदफा (१) मा रहेका "वा स्थापना गर्न सहयोग गर्ने" भन्ने शब्दहरू झिक्ने।

(२) उपदफा (२) झिकी त्यसपछिको उपदफाको क्रम मिलाउने।

११५. विधेयकको दफा १५८ क्रम मिलाउँदा कायम हुने दफा १५७ को उपदफा (३) मा रहेको "तीन" भन्ने शब्द झिक्ने।

११६. विधेयकको दफा १६० क्रम मिलाउँदा कायम हुने दफा १५९ को उपदफा (१) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "चार महिनाभित्र" भन्ने शब्दहरू राख्ने।

११७. विधेयकको दफा १६१ क्रम मिलाउँदा कायम हुने दफा १६० को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नेः-

"(ख) बीमकको इजाजतपत्र दिने,"

(ख) खण्ड (ङ) मा रहेका "दफा १०५" भन्ने शब्दहरुको सट्टा "दफा १०३" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) मा रहेको "सुम्पन" भन्ने शब्दको सट्टा "प्रत्यायोजन गर्न" भन्ने शब्दहरु राख्ने।

११८. विधेयकको दफा १६३ क्रम मिलाउँदा कायम हुने दफा १६२ को सट्टा देहायको दफा १६२ राख्नेः-

"१६२. <u>सार्वजनिक निकायसँग समन्वय गर्नेः</u> यस ऐन बमोजिमको कार्य सम्पादन गर्न प्राधिकरणले संवैधानिक अङ्ग तथा निकाय, निमयनकारी निकाय, बैङ्क तथा वित्तीय संस्था, विभिन्न सङ्गठित संस्था तथा अन्य सार्वजनिक निकायसँग समन्वय, सहकार्य गर्न र सहयोग तथा सूचना आदान प्रदान गर्न सक्नेछ।"

११९. विधेयकको दफा १६४ क्रम मिलाउँदा कायम हुने दफा १६३ को,-

(१) उपदफा (१) र (२) मा रहेका "बीमा नियमन" भन्ने शब्दहरूको सट्टा "बीमा सुपरिवेक्षण तथा नियमन" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) मा रहेका "संघ संस्थाहरूमा प्राधिकरणले भाग लिनेछ।" भन्ने शब्दहरूको सट्टा "संघ संस्थासँग सहयोग र सम्बन्ध विस्तार गर्न प्राधिकरणले सहकार्य गर्नेछ।" भन्ने शब्दहरू राख्ने।य

१२०. विधेयकको दफा १६६ क्रम मिलाउँदा कायम हुने दफा १६५ पछि देहायको दफा १६६ थप्नेः-

"१६६. <u>आदेश तथा निर्देशन जारी गर्न सक्ने:</u> प्राधिकरणले बीमक, बीमित, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई यस ऐन बमोजिको उद्देश्य प्राप्त गर्ने सिलसिलामा कुनै आदेश, निर्देशन, मार्गदर्शन जारी गर्न सक्नेछ।"

१२१. विधेयकको दफा १६९ मा रहेका "यस ऐन वा" भन्ने शब्दहरूको सट्टा "यो ऐन वा" भन्ने शब्दहरू राखी सोही दफाको प्रतिबन्धात्मक वाक्यांश झिक्ने।

१२२. विधेयकको दफा १७१ झिकी सो पछिका दफाको क्रम मिलाउने।

१२३. विधेयकको दफा १७२ क्रम मिलाउँदा कायम हुने दफा १७१ को,-

(१) उपदफा (२) को खण्ड (ख) मा रहेको "निर्देशन," भन्ने शब्द पछि "जारी गरेको इजाजतपत्र," भन्ने शब्दहरू थप्ने।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने र खण्ड (घ) पछि देहायको खण्ड (ङ) राखी त्यसपछिको खण्डको क्रम मिलाउने:-

"(घ) बीमा समितिको अध्यक्ष तथा सदस्य यो ऐन प्रारम्भ भएपछि स्वतः प्राधिकरणको अध्यक्ष तथा सदस्य हुनेछ र निज आफ्नो कार्यकालसम्म सो पदमा बहाल रहन सक्नेछ।

(ङ) बीमा समितिमा कार्यरत कर्मचारी यो ऐन प्रारम्भ भएपछि स्वतः प्राधिकरणको कर्मचारीमा परिणत हुनेछन्।"

१२४. विधेयकको अनुसूचीमा रहेका "दफा ४८" भन्ने शब्दहरुको सट्टा "दफा ४७" भन्ने शब्दहरु राख्ने।